# ८७ येशूको अनुसरण गर्दै उहाँ जस्तै जीउनु

*यस अध्यायका मूल पदहरू:* मत्ती ९:३६, मर्कूस १०:२१, लूका १०:३०-३७, मत्ती २५:३१-४६, लूका ६:३२-३५, यूहन्ना १५:४-१२।

*स्मरण गर्नुपर्ने पद:* **"मैले तिमीहरूलाई नयाँ आदेश दिइरहेको छु। तिमीहरू एक आपसमा प्रेम गर। तिमीहरूले एक आपसमा प्रेम गर्नैं पर्छ। तर तिमीहरूले एक आपसमा गर्ने प्रेम मैले तिमीहरूलाई गरेको जस्तै हुनुपर्दछ।" (यूहन्ना १३:३४ भावरूपान्तरित)।**

**हुन त नयाँ करारमा उल्लेख गरेको आफ्नो छिमेकीलाई आफूलाई जस्तै प्रेम गर्नु भन्ने आज्ञा वा आदेश कुनै नौलो कुरो होइन।** पुरानो करारमा छिमेकीलाई आफूलाई जस्तै प्रेम गर्नु (लेबी १९:१८) र नौलो मानिस वा परदेशीलाई आफूलाई जस्तो प्रेम गर्नु (लेबी १९:३४) भन्ने आदेश परमेश्वरले आफ्ना जनहरूलाई येशू आउनुभन्दा सयौं वर्ष पहिला नै दिनुभएको थियो।

तै पनि येशूले "तिमीहरूलाई नयाँ आज्ञा दिँदैछु।" भनेर आफ्ना चेलाहरूलाई किन भन्नुभयो त? येशूका शिक्षाहरू पुरानो करारमा थपिएका नयाँ शिक्षाहरू थिए। पुरानो करारलाई उहाँले नकार्नुभएन तर उहाँले "मैले जस्तै प्रेम गर्नु" भनेर त्यसमा थपिनु भएको थियो। यस संसारमा मानव चोला लिएर येशू आउनुभन्दा अघि परमेश्वरको प्रेमको उदाहरण पूर्ण रूपमा भएको थिएन। अब येशूको निश्वार्थी जीवन र मृत्युले परमेश्वरको प्रेमको अत्यन्त गहिऱ्याइलाई प्रकट गरिएको थियो।

"ख्रीष्टले जे गर्नुभयो र भन्नुभयो त्यसको मुटु वा केन्द्रविन्दुमा प्रेम थियो। संसारलाई उहाँको प्रेमको पाखुरामा राख्न आउनुभएको थियो।...उहाँको देखाउनुभएको अनुकरणीय उदाहरणलाई हामीले पछ्याउनु पर्दछ। उहाँलाई हामीहरूको आदर्श व्यक्ति वा उदाहरणीय व्यक्ति बनाउनुपर्दछ। जबसम्म उहाँले हामीलाई देखाउनुभएको प्रेम अरूलाई देखाउँदैनौं तबसम्म हामी त्यो स्थितिमा पुग्न अथक प्रयास

जारी नै राख्नुपर्दछ।"-एलेन जी ह्वाइट, *आवर फादर क्यर,* पृ. २७बाट रूपान्तरित।

येशूको प्रेमिलो, सोचपूर्ण र सदाशय तथा करूणामय जीवनको बारेमा यस अध्याय केन्द्रित हुनेछ। केवल भावना वा मुद्रामा मात्र राखेर होइन तर येशूको सक्रिय प्रेमको नीतिले हामीहरूलाई छोएर हामीलाई सक्रिय बनाओस् भनेर कामना गरौं। सच्चा येशूभक्तिको पक्का अनुकरणीय उदाहरण प्रेमको प्रवचन दिएर आफ्नो कोठामा लुक्ने होइन तर त्यसलाई कार्यान्वन कसरी गर्ने भनेर देखाउनु हो।

## १. येशू कसरी जिउनुभयो त? (मत्ती ९:३६)

येशू जहिले पनि शैतानको डरलाग्दो आक्रमणको मुनी परिरहनुभएको थियो। तर उहाँको जीवन निश्वार्थमय थियो। उहाँले जहिले पनि अरूको सेवा स्नेहपूर्वक गरिरहनुहुन्थ्यो। उहाँले गर्नुहुने सबै कामको केन्द्रविन्दु आफू नभएर अरू मानिसहरू थियो। उहाँको महत्त्वपूर्ण लक्ष्य नै मानव जीवनको उत्थान थियो। उहाँको बालककालदेखि क्रुससम्मकै जीवनकाल हामीले हेऱ्यौं भने उहाँको प्रत्येक सेवाकार्यमा अरू मानिसप्रति गर्नुभएको प्रेम झल्केको पाइन्छ। कष्टमा परेको प्रत्येक मानिसलाई राहत दिन उहाँका हातहरू जहिले पनि तत्पर थिए। उहाँका कोमल हात र कोमल हृदय हरदम अरूतिर फैलिरहन्थ्ये। समाजको तिरस्कृत तथा हेपिएका वर्ग जस्तै बालबालिका, महिला, विदेशी, कुष्ट रोग लागेका मानिसहरू, घृणित करका कर्मचारीहरूलाई विना पूर्वाग्रह उहाँले मायालुपुर्वक सेवा गर्नुभएको थियो। आफ्नो भाऊ खोज्न वा सेवा तथा सम्मान पाउन यस संसारका येशू आउनुभएको थिएन (मत्ती २०:२८)। त्यसकारण पिडित र शैतानको फन्दामा परेका मानिसहरूको हितमा उहाँ कार्यरत हुनुहुन्य्यो। तिनीहरूलाई स्वस्थ बनाउन उहाँ अत्यन्त व्यस्त हुनुहुन्थ्यो (प्रेरित १०:३८) रूपान्तरित)। आफ्नो भौतिक खाना वा बस्ने व्यवस्थापनभन्दा अरूलाई करूणा र दया देखाउन उहाँको निम्ति अति महत्त्वपूर्ण काम थियो। उहाँले अर्तीमा मात्र दिनुभएन तर कसरी कार्यान्वन गर्ने भनेर आफ्नै कामले देखाउनुभएको थियो। आफू क्रुसमा झुन्डीरहेको बेलामा उहाँको आमा मरियम उहाँसँग बिछोडको पिडामा

परेकी उनले देख्नुभएको थियो। आफ्नो प्रिय चेला यूहन्नालाई उनको सेवाटहल गर्न जिम्मा लगाइदिनुभएको थियो (यूहन्ना १९:२५-२७)। यस घट्नाले आफ्नो कष्टपिडाभन्दा अरूको कष्टपिडामा उहाँ कतिको संवेदनशील हुनुभएको रहेछ भनेर खुलासा गरिन्छ।

**येशूले कसैलाई पनि दोषी चस्माले हेर्नुभएन। यदि हामी येशूका भक्त हौं भनेर दाबी गर्छौं भने अरूलाई पनि उहाँकै आँखाले हेर्ने नीति हाम्रो पनि हुनुपर्छ। अरूहरूलाई उहाँले कसरी हेर्नुहुन्थ्यो भनेर देहायका केही पदहरूले यसरी बताउँछन्: मत्ती ९:३६ "मानिसको घुइँचो देखेर उहाँको हृदय दयाले भरिएर आयो किनभने तिनीहरू त गोठाला नभएका भेडाहरूजस्तै दुःख पाएका लाचार मानिसहरू थिए।", मत्ती १४:१४ "येशू नाउबाट ओर्लनुहुँदा त मानिसको ठूलो भिडले आफूलाई पर्खिरहेको देख्नुभयो। त्यो भिडलाई देखेर उहाँको हृदय मायाले भरिएर आयो अनि उहाँले त्यहाँ भएका बिरामीहरूलाई निको पार्नुभयो।" र मत्ती १५:३२ "त्यसपछि येशूले आफ्ना चेलाहरूलाई बोलाएर भन्नुभयो, "यी मानिसहरूलाई देखेर मलाई साह्रै माया लाग्यो। यिनीहरू मसँगै भएको आज तीन दिन भइसक्यो। अब यिनीहरूको खानेकुरा पनि सकिएको छ। म यिनीहरूलाई भोकै बिदा गर्न चाहन्नँ, नत्रता यिनीहरू घर जाँदाजाँदै बाटैमा मुर्छा पर्लान्।"**

अरूको अभाव र आवश्यकतामा येशू अत्यन्त संवेदनशील हुनुहुन्थ्यो। उहाँले निस्वार्थ र सच्चा हृदयले तिनीहरूको सेवा गर्नुहुन्थ्यो। भौंतारिएका, थाकिएका र समाजबाट पिडित मानिसहरू देखेर उहाँको हृदय करूणाले भरिन्थ्यो। तिनीहरूको चिन्ता उहाँले गर्नुहुन्थ्यो। असहाय मानिसहरूलाई उहाँले टुलुटुलु हेर्न उहाँ सक्नुहुन्नथ्यो। आफूले भ्यायसम्म उहाँले तिनीहरूलाई दया देखाएर राहत दिनुहुन्थ्यो। उदाहरणमा यरिहो शहरको बाटोमा दुई जना अन्धालाई निको पार्नुभएको थियो (मत्ती २०:३४) भने मागेर बस्ने कुष्ट रोगीलाई उहाँले निको पार्नुभएको थियो (मर्कूस १:४०,४१)। विधवी आमाको शोक सहन नसकेर उहाँले उनको मरेको छोरालाई बिउँताउनुभएको थियो (लूका ७:१२,१३)।

**विभिन्न थरिका मानिसहरूको बीचमा उहाँ घुलमिल हुँदा उहाँ कुन् नीतिले निर्देशित भएर क्रियाशील हुनुहुन्थ्यो भनेर देहायका पदहरूले**

**देहाएको चिन्तन गर्नुहोस्: मर्कूस १०:२१ "येशूले तिनलाई माया गरेर हेर्नुभयो र भन्नुभयो, "अब तिमीले एउटै काम गर्न बाँकी छ। गएर आफ्ना सबै धन-सम्पत्ति बेचेर पैसा गरीबहरूलाई देओ र तिमीले स्वर्गीय धन पाउनेछौ अनि मेरो पछि लाग।" र यूहन्ना ११:५ "येशूले मार्था, मरियम र लाजरसलाई धेरै माया गर्नुहुन्थ्यो।"**

येशूको असिमित प्रेमको प्रभावले प्रत्येक मायाको काम, प्रत्येक आश्चर्य काम र प्रत्येक बोली परिचालित हुन्थ्यो। आफ्ना चेलाहरूलाई सुरूदेखि अन्तसम्म प्रेम गर्नुभएको थियो भनेर उहाँले आफ्नो जीवनको अन्तमा भन्नुभएको थियो (यूहन्न १३:१ रूपान्तरित)। आफ्नो भाऊ खोज्नुभन्दा, आफ्नो अहँलाई उचाल्नुभन्दा वा आफ्नो सम्मान र आदर खोज्नुभन्दा निस्वार्थ र त्यागी जीवन उच्च आदर्शको जीवन हो भनेर सारा जगतको सामु उहाँले आफ्नो क्रुसको मृत्युमा देखाउनुभएको थियो। (उहाँको अगाडि चाहनाको टक्कर वा कन्फ्लिक्ट अभ इन्टरेस्टले ठाउँ पाउँदैन)। यदि हामी अर्थपूर्ण जीवन बिताउन चाहन्छौं भने निश्वार्थ प्रेमको नीतिको विकल्प अरू छैन भनेर येशूको क्रुसले स्पष्ट पार्दछ।

**"आफ्ना मित्रहरूको निम्ति आफ्नो ज्यान दिने जस्तो महान् प्रेम अरू छैन" (यूहन्ना १५:१३ रूपान्तरित) भनेर येशूको नीतिलाई तपाईंको दैनिक जीवनमा कसरी उतार्नुहुन्छ? दिन दिनै आफ्नो आदर, सम्मान वा भाऊ नखोजी अरूको हित हामीले कसरी खोज्नुपर्दछ?**

## २. छिमेकी वा आवश्यकता पर्नेलाई गर्नुपर्ने प्रेम (मत्ती ७:१२)

**येशूको** अनुकरणीय उदाहरणलाई पछ्याएर उहाँको उपासक हुनु भनेकै उहाँले देखाएर जानुभएको प्रेम अनुसार चल्नु हो। असल सामरीको अर्तीकथाद्वारा येशूले त्यस्तो प्रेम गरेर कसरी जिउने भनेर देखाउनुभएको थियो (लूका १०:२५-३७)। त्यो कथा भिडमा भएको एकजना पुरानो करारको पण्डितको जिज्ञासालाई मेट्न भन्नुभएको थियो। परमेश्वर र हामीहरूको मानव मित्रहरूलाई प्रेम देखाउनु हामीहरूको कर्तव्य हो भनेर त्यस पण्डितले स्वीकारेको थियो। पुरानो करारलाई नै उद्धृध गरेर उसले भनेको थियो "तिम्रो परमप्रभु परमेश्वरलाई तिम्रो सारा हृदय, सारा प्राणले, सारा बलशक्तिले र सारा दिमागले प्रेम गर्नु र तिम्रो

छिमेकीलाई आफूलाई जस्तै प्रेम गर्नु" (लूका १०:२७ रूपान्तरित)। पुरानो करारको धर्मशास्त्रप्रति उसको ज्ञान राम्रै थियो भनेर वकिलले देखाएको थियो। उसले व्यवस्था ६:५ र लेवी १९:१८ पदहरू कण्ठ गरेको थियो। त्यसैकारण त्यसलाई उदृध गर्न उसलाई गाऱ्हो भएको थिएन। अदृष्य परमेश्वरलाई प्रेम गर्नु असजिलो त नहोला तर छिमेकीलाई प्रेम गर्नु भनेको के हो भनेर थाहा पाउनु उसलाई असहज भएको थियो। यद्यपि आफू असल देखाउन खोजेर येशूलाई “मेरो छिमेकी को हो" भनेर वाख्या गर्न अनुरोध गरे (लूका १०:२९ रूपान्तरित)।

**येशूले भन्नुभएको समयसापेक्षित असल सामरीको अर्तीकथा त्यस पण्डितलाई मात्र होइन बरू हामी सबैलाई लागु हुन्छ। त्यसबाट सिक्ने पाठलाई हामीले आँखा चिम्लेर बस्नु हुन्न। फेरि मत्ती ७:१२मा उल्लेख गरिएको सुनौलो नियमसँग पनि “आफ्नो छिमेकीलाई आफू जस्तै प्रेम गर्नु"सँग कसरी गाँसिएको छ सो बुझ्नुपर्छ। हेरौं असल सामरीको अर्तीकथाः "२५ व्यवस्थाका एक जना पण्डित उहाँको परीक्षा गर्न खड़ा भए, र यो प्रश्न गरे, “गुरुज्यू, अनन्त जीवन प्राप्त गर्न मैले के गर्नुपर्छ? " २६ उहाँले तिनलाई भन्नुभयो, “व्यवस्थामा के लेखिएको छ? तिमीले के पढ्यौ?” २७ तिनले भने, “तैंले परमप्रभु, आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, आफ्नो सारा प्राणले, आफ्नो सारा समझले र आफ्नो सारा मनले प्रेम गर, र आफ्नो छिमेकीलाई आफैलाई झैं प्रेम गर्।” २८ उहाँले तिनलाई भन्नुभयो, “तिमीले ठीक जवाफ दियौ। त्यसै गर, र तिमी जिउनेछौ।” २९ तर तिनले आफूलाई धार्मिक देखाउने इच्छा गरेर येशूलाई भने, “मेरो छिमेकीचाहिँ को हो त?” ३० येशूले जवाफ दिनुभयो, “एक जना मानिस यरूशलेमबाट यरीहोतिर जाँदैथियो। त्यो डाँकूहरूको फेला पऱ्यो। तिनीहरूले त्यसलाई नाङ्गै पारेर पिटे, र अधमरो पारी छोड़ेर गए। ३१ संयोगले एक जना पूजाहारी त्यही बाटो भएर जाँदैथियो, र त्यो अधमरो मान्छेलाई देखेर त्यो अर्कोपट्टि तर्केर गयो। ३२ त्यसै गरी एक जना लेवी पनि त्यस ठाउँमा आएर त्यसलाई देखेपछि अर्कोपट्टि तर्केर गयो। ३३ तर एक जना सामरी उसको यात्रामा जाँदैगर्दा त्यो मान्छे भएको ठाउँमा आइपुग्यो, र त्यसलाई देखेर उसको मन दयाले भरियो। ३४ र त्यसकहाँ गएर तेल र दाखमद्य लगाएर त्यसका घाउहरूमा पट्टी**

**बाँधिदियो, र आफ्नै गधामाथि चढ़ाएर त्यसलाई एउटा पौवामा ल्याई त्यसको हेरचाह गऱ्यो। ३५ भोलिपल्ट उसले चाँदीका दुई सिक्का पौवाको मालिकलाई दिएर भन्यो, 'यिनको हेरचाह गर, र अरू बढ़ी खर्च लागे म फर्केर आउँदा तिमीलाई तिरिदिनेछु'।" ३६ येशूले सोध्नुभयो, "तिम्रो विचारमा यी तीन जनामध्ये डाँकूहरूका हातमा पर्ने मानिसको छिमेकी कुनचाहिँ ठहरियो?" ३७ तिनले भने, "त्यस मानिसमाथि दया देखाउनेचाहिँ।" तब येशूले तिनलाई भन्नुभयो, "जाऊ, तिमी पनि त्यसै गर।"**

"मेरो छिमेकी को हो?" भनेर सोधिएको प्रश्नको जवाफ येशूले दिनुभएको थियो। प्रत्येक मानिस जसलाई हाम्रो आवश्यकता छ त्यही नै हाम्रो छिमेकी हो भनेर येशूले भन्नुभएको थियो। हाम्रो छिमेकी त्यो जसलाई हामी मद्दत गर्न सक्छौं। "मेरो छिमेकीले मलाई के गर्न सक्छ त्यो नै मेरो छिमेकी हो" भन्ने मनस्थितिमा रहनुको सट्टा "मेरो छिमेकीलाई म के गर्नु सक्छु? भन्ने मनस्थितिमा हामी हुनुपर्दछ।

त्यसबेला प्रचलित नकारात्मक नीतिमाथि उचलेर येशूले बोल्नुभएको थियोः "आफूलाई के मन पर्दैन अरूलाई पनि नगर्नु।" उहाँले त्यस सत्यलाई समारात्मक रूपमा सिकाउनुभएको थियो। हामीले के गर्नुपर्छ सो गर्नुपर्छ भनेर येशूले सामरीको अर्तीकथाले सिकाउनुभएको थियो। यो यस्तो नीति हो जुन् लोकप्रिय नीतिभन्दा अत्यन्त फरक छ। अरूले हामीलाई कस्तो व्यवहार गरेको छ त्यसै अनुसार त्यसलाई व्यवहार गर्नुपर्छ भन्ने नीति येशूको नभएको देखाउँछ। हामीलाई माया गर्नेलाई माया गर्नु सजिलो छ। र हामीलाई दुर्व्यवहार गर्नेलाई दुर्व्यवहार गर्नु पनि सजिलै छ। "मलाई जस्तो गऱ्यो उसलाई पनि त्यस्तै गर्छु।" भन्ने नीति लोकप्रिय नीति हो। तर हामीले हाम्रो छिमेकी वा आवश्यकता परेको जोसुकैलाई पनि माया गर्ने त्यस्तो हुनपर्छ जुन् उसले हामीलाई गर्ने व्यवहारसँग सम्बधित हुनुहुन्दैन। (अरूले हामीप्रति कस्तो व्यवहार गर्छ वा सोच्छ त्यो उसको धर्म हो। तर हामीले त्यसलाई कस्तो व्यवहार गर्नुपर्छ वा सोच्नु पर्छ त्यो हाम्रो धर्म हो।–अनुवादकको टिप्पणी)।

**तपाईंलाई कसैले नराम्रो गरी व्यवहार गऱ्यो रे! के तपाईंले पनि उसलाई उसले गरेको जस्तै व्यवहार गर्नुभएको छ? येशूलाई दुर्व्यवहार**

गर्ने, उहाँलाई बेइज्जत गर्ने र उहाँलाई कुट्ने तथा मार्नेलाई कस्तो व्यवहार गर्नुभयो सो उदाहरण हामीलाई उहाँले दिएर जानुभएको छ। तपाईंलाई माया नगर्ने वा तपाईंप्रति रुखो व्यवहार गर्ने वा तपाईंलाई बेइज्जत गर्नेलाई तपाईंले कस्तो व्यवहार गर्नुपर्छ भनेर येशूको नीतिलाई तपाईंले कसरी आत्मसात् गर्ने?

## ३. कोमल हृदयले निस्वार्थ सेवा (मत्ती २५:३१-४६)

म येशूको भक्त हुँ वा इसाई हुँ भनेर दाबी गर्ने प्रत्येक व्यक्तिलाई मत्ती २५:३१-४६ले एक आधारभूत सन्देश दिएको छ, त्यो के हो हेर्नुहोस्: ""जब मानिसको पुत्र सारा स्वर्गदूतहरूसँग आफ्नो महिमामा आउनेछ, तब ऊ आफ्नो महिमामय सिंहासनमा बस्नेछ। ३२ र उसको सामुन्ने सबै जातिहरू भेला हुनेछन्, र जसरी गोठालाले भेड़ा र बाख्रालाई छुट्ट्याउँछ, त्यसरी नै उसले तिनीहरूलाई एउटालाई अर्काबाट अलग गर्नेछ। ३३ उसले भेड़ाहरूलाई आफ्नो दाहिनेपट्टि, र बाख्राहरूलाई देब्रेपट्टि राख्नेछ। ३४ "तब राजाले आफ्ना दाहिनेपट्टिकाहरूलाई भन्नेछन्, 'आओ, मेरा पिताका धन्यका हो! संसारको उत्पत्तिदेखि तिमीहरूका निम्ति तयार गरिएको राज्यलाई अधिकार गर। ३५ किनभने म भोकाएको थिएँ, तिमीहरूले मलाई खान दियौ। म तिर्खाएको थिएँ, तिमीहरूले मलाई पिउन दियौ। म परदेशी थिएँ, तिमीहरूले मलाई आश्रय दियौ। ३६ नाङ्गै थिएँ, तिमीहरूले मलाई वस्त्र लगाइदियौ। बिरामी थिएँ, तिमीहरू मलाई हेर्न आयौ। झ्यालखानमा थिएँ, तिमीहरू मकहाँ आयौ।'
३७ "तब धर्मीजनहरूले उनलाई जवाफ दिनेछन्, 'हे प्रभु, कहिले हामीले तपाईंलाई भोकाउनुभएको देख्यौं, र खान दियौं? अथवा तिर्खाउनुभएको देख्यौं, र पिउन दियौं? ३८ कहिले हामीले तपाईंलाई परदेशी देख्यौं, र तपाईंलाई आश्रय दियौं? अथवा नाङ्गो देख्यौं र वस्त्र लगाइदियौं? ३९ र कहिले हामीले तपाईंलाई बिरामी वा झ्यालखानमा देख्यौं, र तपाईंकहाँ आयौं?' ४० "तब राजाले तिनीहरूलाई जवाफ दिएर भन्नेछन्, 'साँच्चै, म तिमीहरूलाई भन्दछु, तिमीहरूले यी मेरा भाइहरूमध्ये सबैभन्दा सानामा एक जनालाई जे-जति गर्‍यौ, त्यो तिमीहरूले मलाई नै गर्‍यौ।' ४१ "त्यसपछि उनले देब्रेपट्टिका मानिसहरूलाई भन्नेछन्, 'श्रापित मानिस हो! मबाट दूर होओ, र दियाबलस र त्यसका दूतहरूका लागि तयार गरिएको

**अनन्तको आगोमा जाओ। ४२ किनभने म भोकाएको थिएँ, तिमीहरूले मलाई खान दिएनौ। तिर्खाएको थिएँ, तिमीहरूले मलाई पिउन दिएनौ। ४३ म परदेशी थिएँ, तिमीहरूले मलाई आश्रय दिएनौ। नाङ्गो थिएँ, र तिमीहरूले मलाई वस्त्र लगाइदिएनौ, बिरामी र झ्यालखानमा थिएँ, र तिमीहरू मलाई हेर्न आएनौ।' ४४ "तिनीहरूले पनि यसो भनेर जवाफ दिनेछन्, 'प्रभु, कहिले हामीहरूले तपाईंलाई भोकाएको वा तिर्खाएको देख्यौं, परदेशी वा नाङ्गो वा बिरामी देख्यौं, वा झ्यालखानमा देख्यौं, र तपाईंको सेवा गरेनौं?' ४५ "तब उनले तिनीहरूलाई जवाफ दिनेछन्, 'साँच्चै, म तिमीहरूलाई भन्दछु, यी सबैभन्दा सानाहरूमध्ये एक जनालाई जे-जति गरेनौ, त्यो तिमीहरूले मेरो निम्ति गरेनौ।' ४६ "तब यिनीहरू अनन्त दण्डको भागी हुनेछन्, तर धर्मी जनहरू अनन्त जीवनमा प्रवेश गर्नेछन्'।"**

संसारको अन्त्यमा धेरै छक्क पर्ने घट्नाहरू हुनेछन्। मानिसको पुत्रको दाहिने हातमा यस्ता मानिसहरू हुनेछन् रे जो निश्वार्थ भावनाले प्रेरित भएर चल्दा कस्तो अनुसरणीय उदाहरण भएका रहेछन् रे! तिनीहरूको जीवनले अरूको जीवनमा कस्तो परिवर्तन ल्याएको रहेछ भन्ने तिनीहरूले यस संसारमा रहँदा बस्दा कल्पना पनि गर्न सकेका थिएनन्। अनेकन् मिठो प्रवचन दिनेहरू वा प्रभावशाली वचनहरू दिएर अरूलाई मख्ख पार्नेहरूलाई येशूले सम्मान गर्नुहुनेछैन रे! तिनीहरूले अनेकन् परोपकारीको नाउँमा वा येशूकै नाउँमा अत्यन्त मूल्यवान काम गरेतापनि येशूले तिनीहरूलाई स्याबासी दिनुहुनेछैन। तर दीन, दुःखी, कष्ट परेकाहरू, गरीब र हेपिएकाहरूलाई सानातिना सहयोग गरेर तिनीहरूको मनलाई उचाल्ने वा राहत दिनेहरूलाई स्वर्गको राज्यमा ख्रीष्टले शानदार स्वागत गर्नुहुनेछ भनेर त्यस अर्तीकथाले बताउँछ।

बाहिने हाततिर रहनेहरू पनि राजाको निर्णयप्रति अत्यन्त छक्क पर्नेछन्। तिनीहरूमध्ये कतिपयले त यो पनि दाबी गर्नेछन् "हैन, हे प्रभु, के तपाईंको नाउँमा हामीले प्रचार गरेनौं र? के हामीले भविष्यवाणी बोलेनौं र? के हामीले शैतानका दुष्ट आत्माहरूलाई धपाएनौं र?" (मत्ती ७:२२ रूपान्तरित)। ती सबै असल कामहरू हुन्। त्यसमा विवाद छैन। तर ममताबिना, स्नेहबिना र निश्वार्थ भावनाले अभिप्रेरित बिना ती कामहरू निकम्मा हुन्छन्। कुन् नियतले ती महान् कामहरू

गरेका थिए सो संसारको अन्तमा येशूले पर्दाफास गर्नुहुनेछ। अचम्मको कुरो त यो छ, ती मानिसहरू क्रिश्चियन रे! येशूलाई पछ्याउने इसाईहरू रे! त्यसको बाबजूदपनि प्रभुले भन्नुहुनेछ "खै तिमीहरूलाई कहिलै पनि चिनेको छैन" (मत्ती ७:२३) कारण किनभने तिनीहरूले सच्चा हृदयले उहाँलाई र उहाँका जनहरूलाई कहिलै पनि प्रेम गरेका थिएनन् वा तिनीहरूका हितको निम्ति चासो राखेका थिएनन्। तर तिनीहरू सत्य धर्मको नीतिलाई कहिलै पनि व्यवहारमा उतारेका थिएनन् (याकूब १:२७)।

येशूले भन्नुभएको "सबभन्दा सानामध्ये साना वा कसैले वास्ता नगरेका मेरा भाइहरू" (मत्ती २५:४० रूपान्तरित) भनेको के हो भनेर विभिन्न बाइबलका चिन्तकहरूले वाख्या गरेका छन्। हामीहरूको इसाई धर्ममा बहन गर्नुपर्ने जिम्मेवारी के हुन् भनेर थाहा पाउन येशूले सम्बोधन गर्नुभएको समूहको बारेमा थाहा पाउनु अत्यन्त जरुरी छ। कसैले भन्दछनकी तिनीहरू येशूका भाइबहिनी र प्रेरित तथा उहाँका तत्कालीन चेलाहरू, कसैले भन्छनकि तिनीहरू आफ्ना घरबार त्यागेर अरू देशमा गएर येशूको निम्ति प्रचारप्रसार गर्नेहरू। मत्ती १०:४०-४२ अनुसार तिनीहरूको धारणामा समर्थन पाएको देखिन्छ। अरू इसाई प्रचारक वा मिशिनेरीहरूलाई कस्तो व्यवहार गरिन्छ त्यसमा सबै मानव जातिको भविष्य निर्धारण भएको हुन्छ भनेर तिनीहरूले दाबी गर्दछन्। अरूले भन्दछनकि उहाँका साना भन्दा साना भाइहरू भनेको उहाँका अनुयायीहरू हुन्। त्यो धारणालाई पनि मत्ती १२:४८-५०ले अनुमोदन गरेको पाइन्छ। येशूलाई विश्वास गर्ने सबै मानिसहरू उहाँका भाइबहिनीहरू हुन् भन्ने कुरामा कसैको पनि दुईमत त छैन। तर येशूको वचन मानिसले सोचेको भन्दा फराकिलो भएको पाइन्छ। "मानव जातका प्रत्येक बालबालिकासँग आफू परिचित भएको ख्रीष्टले देखाउनुभएको छ (यूहन्ना ३:१६)...उहाँ मानिसको पुत्र हुनुहुन्छ त्यसै कारण उहाँ आदमका प्रत्येक छोराछोरीहरूका दाजु उहाँ हुनुभएको छ।"-एलेन जी. ह्वाइट, द डिजाएर अभ एजेजे, पृ. ६३८बाट रूपान्तरित।

**आफूलाई अत्यन्त सहयोग चाहिएको समयको याद गर्नुहोस् र कसैले तपाईंलाई सहयोग गऱ्यो रे। तपाईंको दुःख कष्टमा त्यो सहयोगले**

कस्तो राहत प्रदान गरिएको थियो? हामीले पनि हामीहरूको गच्छे अनुसार अरूको आवश्यकतामा संवेदनशील भएर सच्चा हृदयले सहयोग गर्नुपर्छ भनेर त्यस अनुभवले तपाईंलाई कसरी बताउँछ?

## ४. तपाईंका शत्रु अर्थात् तपाईंलाई मन नपर्ने वा खेदो गर्नेहरूलाई प्रेम गर्नु (लूका ६:२७,२८)

येशू ख्रीष्ट हामीमा जीवित हुनुहुन्छ र उहाँ हामीहरूको हृदयमा रहनुहुन्छ भनेर देखाउने सब भन्दा महान् सबूत प्रमाण नै हामीहरूले गर्ने हाम्रा शत्रुहरूलाई प्रेम हो। उहाँको समयमा लोकप्रिय मानेको आफ्ना प्रतिद्वन्धी वा शत्रुहरूलाई गर्नुपर्ने घृणा वा तिनीहरूसँग गर्नुपर्ने मुकाविलाको नीतिको खिलाफमा येशूको शत्रुलाई गर्ने प्रेमको उत्कृष्ट आदर्श नीतिले मेल खाएको थिएन। लेवी १९:१८मा दिएको "आफ्नो छिमेकीलाई आफूलाई जस्तो प्रेम गर्नु" भन्नुको अर्थ शत्रुलाई घृणा गर्नु भनेर परमेश्वरले कहिलै पनि भन्नुभएको थिएन न त भन्ने योजना नै थियो। उपरोक्त पदको मनशाय पनि मन नपर्ने मानिस वा शत्रुलाई हेप्नु भन्न खोजेको पाइन्दैन।

कुन उपयोती तरिका अपनाएर हामीहरूले हाम्रा शत्रुलाई प्रेम गर्नुपर्छ भनेर ख्रीष्टले भन्नुभएको थियो भनेर लूका ६:२७-३६मा बताउँछ? हेर्नुहोस् " "तर तिमी सुन्नेहरूलाई म भन्दछु, आफ्ना शत्रुलाई प्रेम गर, र घृणा गर्नेहरूलाई भलाइ गर, २८ सराप्नेहरूलाई आशीर्वाद देओ, दुर्व्यवहार गर्नेहरूका निम्ति प्रार्थना गर। २९ तिमीलाई एक गालामा चड्काउनेलाई अर्को पनि थापिदेओ, र तिम्रो खास्टो खोस्नेलाई तिम्रो दौरा पनि लान देओ। ३० तिमीसित माग्ने हरेकलाई देओ, र तिम्रो चीजबीज लानेसँग फेरि नमाग। ३१ जसो मानिसहरूले तिमीहरूसँग गरून् भन्ने तिमीहरू इच्छा गर्दछौ, तिमीहरूले पनि तिनीहरूसँग त्यसै गर। ३२ "तिमीहरूलाई प्रेम गर्नेहरूसँग प्रेम गर्दछौ भने, तिमीहरूलाई के लाभ भयो? किनकि पापीहरूले पनि आफूलाई प्रेम गर्नेहरूसँग प्रेम गर्दछन्। ३३ तिमीहरूको भलाइ गर्नेहरूलाई भलाइ गर्दछौ भने, तिमीहरूलाई के लाभ भयो र? किनकि पापीहरूले पनि त्यसै गर्दछन्। ३४ यदि फिर्ता पाउने आशा राखेर कसैलाई ऋण दिन्छौ भने, तिमीहरूलाई के लाभ भयो र? किनकि फेरि उत्ति नै पाउने आशा राखेर

**पापीहरूले पापीहरूलाई ऋण दिन्छन्। ३५ तर आफ्ना शत्रुहरूलाई प्रेम गर, र तिनीहरूको भलाइ गर। फेरि पाउने आशा नराखी ऋण देओ, र तिमीहरूको इनाम ठूलो हुनेछ, अनि तिमी सर्वोच्चका सन्तान ठहरिनेछौ, किनकि उहाँ बैगुनी र स्वार्थीमाथि कृपालु हुनुहुन्छ। ३६ तिमीहरूका पिता कृपालु हुनुभएझैं, तिमीहरू पनि कृपालु होओ।"**

शत्रु तथा हामीलाई मन नपर्ने मानिसले तिन प्रकारबाट हामीप्रति घृणा र द्वेष देखाउन सक्छः हामीप्रति नकारात्मक सोच, गालीगलौज गरेर र पिटपाट गरेर शरीरलाई नोक्सान पुऱ्याएर (मत्ती ५:४४)। ती तिनै प्रकारका दुरव्यवहारको सामना गर्न येशूले तिन प्रकारका प्रेमका उदाहरणहरू दिनुभएर हामीलाई सिकाउनुभएको छः (१) तिनीहरूको निम्ति भलो काम गरेर (२) तिनीहरूको बारेमा सकारात्मक र असल कुराहरू गरेर वा आशिष दिएर र (३) परमेश्वरसँग तिनीहरूको निम्ति प्रार्थना गरेर। कसैले दुर्व्यवहार गरेको छ भने येशूभक्तले असल काम गरेर त्यस खराबीलाई जित्नुपर्छ (रोमी १२:२१)।

यो कुरा याद गर्नुहोस्ः पहिलो त हामीहरूका शत्रुहरूलाई माया गर भनेर येशूले भन्नुहुन्छ अनि त्यो माया असल काम गरेर, सुवचन बोलेर र निश्वार्थी प्रार्थना गरेर देखाउनुपर्छ। प्रेम बिना वा सच्चा हितको चाहना बिना गरिने कुनै पनि असल काम, वा वचन बोलेर ठिक्क पार्नु वा प्रार्थना नै किन नहोस् त्यो गर्ने सबैले देखावटी वा मुकुण्डोधारी इसाई भएको प्रमाणित गर्छ।

**हामीहरूले हाम्रा शत्रु वा हामीहरूको अहित चिताउनेलाई किन प्रेम गर्नुपर्छ भनेर लूका ६:३२-३५मा उल्लेख गरेको फेरि पढ्नुहोस्।**

शत्रु वा हामीहरूको हानी सोच्नेलाई प्रेम गर्नुपर्छ भन्ने उच्च आदर्श आदेशलाई बुझाउन प्रभुले तिन तर्कहरू राख्नुभएको थियो। प्रथमतः यस संसारका मानिसहरूले पालन गरेको घटिया नीतिभन्दा माथि उचलेर बस्नुपर्छ। पापी पापीको बीचमा माया प्रेम त हुन्छ नै, अपराधीले एक आपसमा सहयोग त गर्छन् नै। यस संसारका पापी र अपराधीहरूले पालन गरेको नीतिभन्दा माथि रहन इसाई असफल भयो भने त्यो मानिस येशूको भक्त हो भनेर कहलाउने हक कहाँ छ त? उसको इसाई मूल्यमान्यताको अर्क के छ र? दोस्रोमा हामीले

हामीहरूको बैरीहरूलाई गरेको मायालु कामको निम्ति परमेश्वरले इनाम दिनुहुनेछ। तेस्रोमा त्यस्तो खालको प्रेमले यो देखाउँदछकि हामी स्वर्गको परमपिताको नजिकमा रहिरहेकाछौं किनभने उहाँ कृतघ्न र दुष्टलाई पनि दया देखाउनुहुन्छ (लूका ६:३५ रूपान्तरित)।

## ५. येशू जस्तै गरेर कसरी जिउनु (यूहन्ना १५:४-१२)

निश्वार्थ र प्रेमिलो जीवन बिताउनु नै उच्च आदर्शको जीवन हो भन्ने नीति येशूको शिक्षादीक्षामा हामी पाउँछौं। हामीमध्ये कतिपयले त्यो आदर्शमा रहन सक्दैनौं भनेर असमर्थ व्यक्त गर्दछौं। तर हामीले निश्वार्थ भावना वा केही पाउने आशा नगरी हाम्रो छिमेकी वा आवश्यक परेको व्यक्तिलाई कसरी प्रेम गर्ने वा तिनीहरूप्रति कसरी सरोकार राख्ने? हामीलाई हेला गर्ने र हामीहरूको खराब रुचाउनेलाई प्रेम गर्नु के सम्भव छ त? त्यो व्यवहारिक छैन भनेर हामी तर्क गर्छौं। हामीहरूको स्वभावले नै हामी स्वार्थी छौं। त्यसकारण निस्वार्थ भावनाले हामीहरूको बैरीलाई कसरी माया गर्ने? हामी मानिस भएको नाताले त्यो सम्भव देखिन्दैन।

तर उहाँको सहयोग बिना हामीलाई हेप्ने र माया नगर्नेलाई माया गर्न र सेवा गर्ने आदेश येशूले हामीलाई कहिलै दिनुहुन्न। "त्यो स्थितिमा पुग्न हामी सक्दैनौं भन्ने छैन। परमेश्वरले दिनुभएको प्रत्येक आदेशसँग प्रतिज्ञा पनि थपिएको हुन्छ। हामीहरूको चरित्र वा स्वभाव पनि उहाँको जस्तै होस् भनेर परमेश्वरले व्यवस्था गर्नुभएको छ। उहाँको इच्छाको विरुद्धमा नजाने र उहाँको अनुग्रहलाई तहसनहस गर्न नखोज्ने सबैलाई उहाँ जस्तो उहाँले बनाउनु हुन्छ।"-एलेन जी ह्वाइट, थटस् फ्रम द माउन्ट अभ ब्लेशिङ्ग, पृ. ७६बाट रूपान्तरित।

हाम्रा शत्रुहरूलाई प्रेम गर्नु भन्नु आदेशको साथमा त्यो वचन पालन गर्न क्षमता दिने प्रतिज्ञा के हो त? त्यो प्रतिज्ञा हो परमेश्वर त्यसप्रति दयालु र करुणामय हुनुहुन्छ जो दुष्ट र कृतघ्न छ (लूका ६:३५,३६)। जो भन्ने बितिकै हामी प्रत्येकलाई जनाउँछ। हामी परमेश्वरको शत्रु भएकै बेलामा परमेश्वरले हामीलाई प्रेम गर्नु भएकोले (रोमी ५:१०) हामी पनि हामीलाई हेप्ने वा शत्रुलाई हामी प्रेम गर्न सक्छौं। क्रुसको छेउमा हामी दिनदिनै उहाँको त्याग र बलिदानलाई ग्रहण गर्नुपर्छ। अनि उहाँको स्वार्थत्याग प्रेमले हामीहरूको जीवनलाई

असर पार्न सक्छ। जब हामीले हामीप्रति देखाउनुभएको उहाँको प्रेमको बारेमा बुझ्दछौं र अनुभव गर्दछौं तब हामीमा अरूप्रति गरिने उहाँको प्रेमको प्रवाह बहिरन्छ। त्यसले हामीलाई माया नगर्ने वा शत्रुलाई पनि प्रेम गर्न सक्षम् बनाउँछ।

**ख्रीष्टमा रहनु र उहाँको प्रेममा रहनु र हामीहरूको छिमेकीलाई प्रेम गर्नुको बीचमा के सम्बन्ध छ हेर्नुहोस् यूहन्ना १५:१-१२ "१ "साँचो दाखको बोट म हुँ, र मेरा पिता किसान हुनुहुन्छ। २ ममा हुने प्रत्येक हाँगा जसले फल फलाउँदैन उहाँले त्यसलाई छाँट्नुहुन्छ र फल फलाउने हरेक हाँगालाई झन् बढ़ी फल फलोस् भनी उहाँले छिँवल्नुहुन्छ। ३ मैले तिमीहरूलाई भनेको वचनले तिमीहरू अघि नै शुद्ध भइसकेका छौ। ४ ममा रहो, र म तिमीहरूमा रहन्छु। जसरी हाँगा दाखको बोटमा रहेन भने त्यो आफैले फल फलाउन सक्दैन, त्यसरी तिमीहरू ममा रहेनौ भने तिमीहरूले पनि सक्दैनौ। ५ "दाखको बोट म हुँ, तिमीहरूचाहिँ हाँगाहरू हौ। यदि कोही ममा रह्यो भने, र म त्यसमा रहें भने, त्यसले धेरै फल फलाउँछ, किनकि मबाट अलग रहेर तिमीहरू केही गर्न सक्दैनौ। ६ कोही मानिस ममा रहेन भने, त्यो हाँगाझैं बाहिर मिल्काइन्छ, र त्यो सुकिहाल्छ। यस्ता हाँगाहरू मानिसहरूले बटुल्छन्, र आगोमा फालिदिन्छन्, र ती जलिहाल्छन्। ७ तिमीहरू ममा रह्यौ भने, र मेरा कुरा तिमीहरूमा रहे भने, तिमीहरूलाई जे इच्छा लाग्छ माग, र त्यो तिमीहरूका निम्ति गरिनेछ। ८ तिमीहरूले धेरै फल फलाएर मेरा चेला हौ भन्ने प्रमाणित गर्‍यौ भने यसैमा मेरा पिताको महिमा हुनेछ। ९ "पिताले जसरी मलाई प्रेम गर्नुभएको छ, मैले पनि तिमीहरूलाई प्रेम गरेको छु। तिमीहरू मेरो प्रेममा रहो। १० यदि मेरा आज्ञाहरू पालन गर्‍यौ भने तिमीहरू मेरो प्रेममा रहनेछौ, जसरी मैले मेरा पिताका आज्ञाहरू पालन गरेको छु र उहाँको प्रेममा रहन्छु। ११ मैले यी कुरा तिमीहरूलाई यसैकारण भनेको छु, कि मेरो आनन्द तिमीहरूमा होस्, र तिमीहरूको आनन्द भरिपूर्ण होस्। १२ "मेरो आज्ञा यही हो, कि मैले तिमीहरूलाई जसरी प्रेम गरें, तिमीहरूले एक-अर्कालाई त्यसरी नै प्रेम गर।"**

हामीहरूको दैनिक आवश्यकता भनेकै उहाँको मृत्युलाई दैनिक रूपमा ग्रहण गरीरहनु हो। तर हामीहरूको चाहनाहरूलाई उहाँमा समर्पण गर्नु पर्छ र उहाँमा रहिहनुपर्छ। येशू आफैले पनि आफ्नो

चाहना अनुसार चल्नुभएन तर परमेश्वर पिताको चाहनामा उहाँ चल्नुभयो (यूहन्ना ५:३०)। त्यसैकारण हामी पनि येशू र उहाँको चाहनामा भर पर्नुपर्छ। उहाँबिना हामी केही पनि गर्न सक्दैनौं।

जब हामी प्रत्येक दिन येशूमा समर्पित जीवन बिताउँछौं तब उहाँ हामीमा रहनुहुन्छ र उहाँ हामीद्वारा चल्नुहुन्छ। अनि "म जीइरहेको होइन, तर ख्रीष्ट ममा जिउनुभएको छ" (गलाती २:२० रूपान्तरित) भन्ने प्रेरित पावलको दाबी हाम्रो पनि हुनेछ। त्यस्तो मनसथितिमा हामी चल्न सक्यौं भने हामीहरूको स्वार्थीपनालाई निश्वार्थ र प्रेमिलो जीवनमा ढाल्न सक्षम् हुनेछौं।

**यूहन्ना १५:१-१२ फेरि पढ्नुहोस्। येशूले कस्तो खालको आनन्दको बारेमा चर्चा गरिरहनुभएको छ? उहाँलाई सेवा गरेर हामीले कस्तो खालको आनन्तको अनुभूति प्राप्त गर्न सक्छौं?**

## उपसंहारः

**थप जानकारीः** एलेन जी ह्वाइटद्वारा लिखित द डिजाएर अभ एजेजको पृ.४९७-५०५को "द गुड सामरितन" र पृ. ६३७-६४१को "द लिस्ट अभ माइ ब्रेद्रेन" पढनुहोस्।

"गरिब, कष्टकर जीवन बिताइरहेका मानिसहरू हामीहरूको वरिपरि छन्। तिनीहरूलाई हामीहरूको दयालु र करुणामय वचनहरूको आवश्यकता छ। विधवीहरूलाई हामीहरूको सहानुभूति र सहयोगको आवश्यकता छ। अनाथहरू परमेश्वरका वचनहरू हुन् त्यसकारण तिनीहरूलाई स्नेहपूर्वक ग्रहण गर्नुपर्छ भनेर येशूले उहाँका उपासकहरूलाई निर्देशन दिनुभएको छ।.....तिनीहरू परमेश्वरको ठूलो परिवारका सदस्यहरू हुन्। येशूका सेवकहरू भएको नाताले इसाईहरूले तिनीहरूको जिम्मा लिनुपर्दछ। उहाँले भन्नुहुन्छ "तिनीहरूको आत्माको हेरचाह गर्न मैले तिमीहरूलाई अऱ्हाएको छु।""-एलेन जी ह्वाइट, क्राइस्ट अबजेक्ट लेसनस्, पृ. ३८७बाट रूपान्तरित।

"हामीहरूले कस्तो ठूलो काम गर्नुपर्छ भन्ने हामीहरूको सरोकार होइन। तर हामीले जे गरेतापनि कस्तो माया र विश्वाससाथ गर्छौं त्यसमा हाम्रो मूल्याङ्कन गरिन्छ। ख्रीष्टको मन हामी जित्न चाहन्छौं भने हामी त्यही नीतिमा चल्नुपर्छ।"-एलेन जी ह्वाइट, इन हेभेन्ली प्लेसेस, पृ. ३२५बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. झट्ट हेर्दा भेँडा र बाख्राको अर्तीकथाले मुक्ति भनेको कामद्वारा पाइने कुरो हो भनेर देखाउँदछ। तर जतिसुकै राम्रो काम गरेतापनि प्रेम छैन भने त्यो सबै काम बेकार हुन्छ भन्ने थाहा पाएपछि मुक्ति पाएकाहरू छक्क पर्नेछन्। कामद्वारा होइन तर उहाँलाई विश्वास गरेरमात्र मुक्ति पाउँछ भनेर येशूले स्पष्ट रूपमा भन्नुभएको छ (यूहन्ना ३:१५, ६:४०,४७, यूहन्ना ११:२५,२६)। जब हामी परमेश्वरलाई प्रेम गर्छौं र उहाँमाथि भर पर्छौं तब हामीले गर्ने काममा प्रेम लुकिएको हुन्छ (गलाती ५:६)। हामीहरूले प्रेमपूर्वक गर्ने कामले हामीहरूले मुक्ति पाएका छौं भनेर प्रमाणित गर्छ तर मुक्ति पाउनको निम्ति होइन। हामीहरूको कामद्वारा मुक्ति पाउँछ भन्ने धरापमा नपर्न हामीहरूले कसरी प्रेमले परिचालित भएर काम गर्ने? मुक्तिको बाटो र मुक्तिको फलको बीचमा कस्तो अन्तर छ भनेर हामी कसरी चनाखो भएर बस्नुपर्छ?

आ. हामीलाई तिरस्कार गर्ने, हामीप्रति कृतघ्न हुने रूखो र हेप्ने शत्रुलाई प्रेम गर्न गाऱ्हो त छ नै। हामीलाई हानी पुऱ्याउने व्यक्तिविशेष वा शत्रुलाई कसरी प्रेम गर्ने? तिनीहरूलाई पनि हामी आफैलाई जस्तो प्रेम गरेन भने के इनाम वा सान्त्वना पाउँदैन भनेर आभास् दिइएको छ?

इ. परमेश्वरको बारेमा, शिक्षादीक्षाको बारेमा, जीवन पद्धतिको बारेमा वा जुनसुकैको बारेमा पनि मानिसहरू हामीसँग बादबिबाद गर्न सक्दछ। तर निश्वार्थ प्रेमको खिलाफमा को विवाद गर्न सक्छ र? निश्वार्थ र सच्चा प्रेम मानिसको तर्कभन्दा बाहिरको कुरो हो। हामीले जुनसुकै मूल्य चुकाउनु परेतापनि त्यस्तो प्रेम हामीले कसरी देखाउने?